जिल्ला समन्वय समितिका जिम्मेवारीहरु

मानकमा आधारित एवं थप प्रभावकारीरुपमा ब्यबस्थापन गर्न तथा

जिल्ला समन्वय समितिको आबश्यकता एवं स्थायित्वको सन्दर्भमा आगामी कार्यदिशामा छलफल गर्न जिल्ला समन्वय समितिमहासंघको आयोजना तथा जिल्ला समन्वय समिति काठमाण्डौको ब्यवस्थापनमा आयोजित

एक दिवसीय कार्यक्रम मा भएको

छलफल तथा प्रस्तुतीको निष्कर्षको प्रतिवेदनः



मिति : २०८३ बैशाख १८, शनिबार
समय : ११:०० बजे
स्थान : जिल्ला समन्वय समिति काठमाण्डौको सभाहल, बबरमहल, काठमाण्डौ

छलफल तथा प्रस्तुतिको निष्कर्ष :

नेपालको संविधानको धारा २२० र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ले जिल्ला समन्वय समितिलाई गाउंपालिका/नगरपालिका तथा जिल्लामा तहगत सरकारका कार्यालयहरु विच समन्वय गर्ने र जिल्ला स्थित निकाय/पालिका हरुको विकास निर्माणका कार्यको अनुगमन गर्ने, सूझाव दिने र क्षमता विकास सम्बन्धी कार्य गर्ने लगाएतका जिम्मेवारी रहेको सन्दर्भमा जिल्ला समन्वय समितिहरुले जिल्ला स्थित निकाय/पालिकाहरुले सम्पादन गरेका कार्यहरुको समीक्षा गर्दै जिल्ला समन्वय समितिलाई थप प्रभावकारी बनाउन देहायका विषयमा ब्यापक छलफल गरि देहायको प्रतिवद्धता सहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

१.जिससका जिम्मेवारीहरु प्रभावकारी ब्यबस्थापन गर्न चाल्नुपर्ने कदम सम्बन्धमा

क्र.सं.	जिम्मेवारीहरु	कार्यान्वयन	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	आवश्यक बजेट	अपेक्षित उपलब्धी	कैफियत /निकाय
१.१	जिसस कार्यक्रमिक, आर्थिक/वित्तीय र ब्यवस्थापकीय गरि तयार गरिएको वार्षिक ५३ वटा कार्य-जिम्मेवारीहरुको सँची/तालिका (स्रोत पुस्तिकाको क्रं.सं. ८ पेज नं.११)	उल्लेखित जिम्मेवारीहरु जिससका कोर जिम्मेवारीहरु रहेकोले कार्यान्वयन गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा थप आवश्यक स्रोत साधन, बजेटको लागि संघीय/प्रदेश सरकारसंग प्रस्ताव प्रस्तुत गर्ने । यसबाट जिससका जिम्मेवारी स्तरीकरण हुने जस्तैः १.निकायहरुको कार्यगत स्पष्टता र दोहोरोपनको अन्त्य । २.अन्तर-सरकारी समन्वय संयन्त्रको सकृयता । ३.जससका जिम्मेवारीहरु ब्यबस्थित हुंदैजाने । ४.सूचना र तथ्यांक आदान-प्रदान मा एकद्वार ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः
१.२	प्राविधिक र ब्यवस्थापकीय प्रकृतिका जिम्मेवारीको लागि समयान'क'ल क्षमता विकासका लागि तालिम/प्रशिक्षणको ब्यवस्था गर्ने (स्रोत पुस्तिकाको क्रं.सं. १० (१४ ख)) पेज नं.४३	जिससका जिम्मेवारीहरु प्राविधिक र ब्यबस्थापकीय प्रकृतिका भएकाले संस्थागत क्षमता विकासका निम्ति सम्बन्धित पदाधिकारी र कर्मचारी लाई समयानुकुल तालिम/प्रशिक्षणको व्यवस्था गर्ने । यस्तो तालिमबाट कार्यसम्पादनमा प्रभावकारीता आउने ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः
१.३	जिससको मासिक बैठक, कर्मचारी बैठक तथा महत्वपूर्ण निर्णयका क्षत्रहरु (स्रोत पुस्तिकाको क्रं.सं. ८ पेज नं.२४)	जिससको मासिक बैठक, कर्मचारी बैठक तथा महत्वपूर्ण कार्यक्रमहरु गर्दा सरकारले प्रचलनमा ल्याएका ५ वटा शिर्षक (१.सुशासन तथा संस्थागत बिकास २.सामाजिक बिकास ३.आर्थिक बिकास	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः

		४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् न्यवस्थापन) जस्ता बिषयमा केन्द्रीत भई ।					
१.४	कानुनले जिससलाई तोकेको जिम्मेवारी का विषयमा स्पष्ट हुने (स्रोत पुस्तिकाको क्रं.सं. ४५ पेज नं.१०४)	कानुनले तोकेको जिम्मेवारीका बिषयमा स्पष्ट भई कार्य योजना र कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः
१.५	जिल्लाका निकायहरुको समीक्षा/कार्यदक्षता प्रतिवेदन (स्रोत पुस्तिकाको क्रं.सं. १३ पेज नं.६१)	जिल्लाका निकायहरुको समीक्षा/कार्यदक्षता प्रतिवेदन का सम्बन्धमा अध्यायन गरि आबशयक कारबाही गर्ने ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	
१.६	स्रोत पुस्तिका लाई रणनीतिक उपकरणको रुपमा प्रयोग गर्न सूझाव ।	जिसस महासंघले तयार गरेको "जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका, २०८२" जिससको लागि एक रणनीतिक दस्तावेज भएकोले जिससहरुले कार्यक्रमहरु तय गर्दा स्रोत पुस्तिकामा उल्लेखित बिषय सूचीका आधारमा गर्ने ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः

२.जिससका जिम्मेवारीहरु मानकमा आधारित हुन गर्नुपर्ने तयारी सम्बन्धमा

क्र.सं.	जिम्मेवारीहरु	कार्यान्वयन	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	आवश्यक बजेट	अपेक्षित उपलब्धी	कैफियत /धारणा
२.१	समीक्षाको लागि मानकहरु तयाय गर्ने / अध्यावधिक गर्ने (स्रोत पुस्तिकाको क्रं.सं. १०, ३३, ३४, ३५)	जिसस का जिम्मेवारीहरु मानकमा आधारित रही परिणाममुखी बनाउन स्रोत पुस्तिकाको क्र.सं. ३३, ३४, ३५ मा उल्लेख गरिएका जस्ता मानकहरु तय गर्ने (तथा क्रं.सं. १० को पेज नं. ५४ मा उल्लेखित बिषयका आधारमा कार्यान्वयन गर्ने गराउने । सन्तुलित विकास निर्माणको अनुगमन गर्ने प्रयोजनको निम्ति निश्चित सूचकका मानकहरु मार्गदर्शनका रुपमा रहने गरि निर्देशिका र मापदण्ड महासंघले विषय विज्ञ र सरोकारवालाहरुसंग परामर्श गरि तयार गरि जिससलाई उपलब्ध गराउने ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः

२.२	सूचना/तथ्यांक/अभिलेखमा आधारीत भई समन्वय गर्ने, समीक्षा गर्ने, अनुगमन गर्ने जिम्मेवारीमा चुस्तता सम्बन्धमा (स्रोत पुस्तिकाको क्र.सं. १ पेज नं.१)	जिल्ला समन्वय समितिको जिल्लाको संतुलित विकास, बेरुजु फर्छौट तथा सुशासनका विभिन्न सूचकमा महत्वपूर्ण भूमिका रहेकाले त्यसको प्रभावकारीताका निम्ति स्रोत पुस्तिकामा उल्लेखित जिल्ला सूचना तथा अभिलेख केन्द्रको उचित व्यबस्थापन गर्ने ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ			प्यानलिष्टः

३.जिससको आगामी कार्यदिशा सम्बन्धमा

क्र.सं.	जिम्मेवारीहरु	कार्यान्वयन	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	आवश्यक बजेट	अपेक्षित उपलब्धी	कैफियत /निकाय
३.१	जिससंग सम्बन्धित केही महत्वपूर्ण कानुनहरु (जस्तै कार्यविस्तृतीकरण, स्थानीय सरकार संचालन ऐन, कार्यविधिहरु आदी) संशोधन सम्बन्धि प्रश्न उठिरहेको सम्बन्धमा जिससको अधिकार स्पष्ट गरि कार्यान्वयन सहज बनाउन ।	स्रोत पुस्तिकाको क्र.सं. ४४ पेज नं. १०१ मा उल्लेखित जिससंग सम्बन्धित केही महत्वपूर्ण कानुनहरु (जस्तै कार्यविस्तृतीकरण, स्थानीय सरकार संचालन ऐन, कार्यविधिहरु आदी) संशोधन सम्बन्धि प्रश्न उठिरहेको सम्बन्धमा जिससको अधिकार स्पष्ट गरि कार्यान्वयन सहज बनाउन जिससहरु/महासंघ सजग भई संशोधनका विषयहरु अध्यावधिक गर्न आन्तरिक रुपमा संशोधन प्रस्ताव तयारी गरी प्रस्ताव गरि राख्ने ।	जिसस	नेपाल सरकार, पद्रश सरकार, जिसस महासंघ		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः
३.२	राज्यले प्रदान गर्ने "सामाजिक सुरक्षा भत्ता" प्राप्त व्यत्तिहरुलाई निजको क्षमता अनुसार "समाजिक सुधारक व्यक्तिको रुपमा" परिचालन गर्ने/गराउने ।	स्रोत पुस्तिकाको क्र.सं. ३६ पेज नं. ८८ मा उल्लेखित राज्यले प्रदान गर्ने "सामाजिक सुरक्षा भत्ता" प्राप्त व्यत्तिहरुलाई निजको क्षमता अनुसार "समाजिक सुधारकको रुपमा निजहरुलाइ परिचालन गर्न/गराउन कार्ययोजना /सूची बनाई सरकारलाई आबश्यक सुझाब दिने ।	जिसस महासंघले प्रस्ताव गर्ने	नेपाल सरकार, पद्रश सरकार,		जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः
३.३	संविधान संशोधनको निम्ति जिससको भुमिका र अधिकारका सम्बन्धमा आबश्यक सुझाव तयार गर्ने (स्रोत पुस्तिकाको क्र.सं. ४६ पेज नं. ११२)	संविधान संशोधनको निम्ति जिससको भुमिका र अधिकारका सम्बन्धमा आबश्यक सुझाव तयार गर्न कार्यदल बनाई स्पष्ट सुझाव सहितको प्रतिवेदन तयार गर्ने/गराउने ।	जिसस महासंघले कार्यदल बनाउनेः बनाएको			जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः
३.४	स्रोत पुस्तिकाको क्र.सं. ४५.१६ पेज नं. १११ जिससले उठाउनु पर्ने बिषय (थप प्रमुख बिषय)	संघ, प्रदेश र स्थानीय तह विच प्रभावकारी समन्वय कायम गर्न जिससको लागि छाता ऐन (Umbrella Act) को रुपमा एकिकृत ऐन बनाउन माग गर्ने । जिससले तीनै तहको सरकारको पुलको काम गर्न सक्ने ।	जिसस महासंघले प्रस्ताव गर्ने			जिम्मेवारीमा संस्थागत आधार तय हुने	प्यानलिष्टः

३.५	**स्रोत पुस्तिकाको क्र.सं. ४५.१६ पेज नं. ८४ जिल्लाको महत्व सही रहने सवाल**	जिल्लाको इतिहाँस अंशुवर्माको समयदेखि रहेकोले जिल्लालाई केवल राजनीतिक दृष्ट्रिकोणबाट मात्र नभई भौगोलिक र सांस्कृतिक आयामबाट समेत अत्येन्तै महत्वपूर्ण रहेकोले जिल्ला स्तरीय स्ट्रक्चरहरु अपरिहार्य रहन्छन् ।	संसद, राजनीतिक दल, सरकार	जिसस, जिसस महासंघ		**जिम्मेवारीमा संस्थागत आधार तय हुने**	**प्यानलिष्टः**
३.६	**स्रोत पुस्तिकाको क्र.सं. ४५.१६ पेज नं. १११ मा उल्लेखित जिससले उठाउनु पर्ने बिषय (थप प्रमुख बिषय)**	**आगामी हुने संशोधनमा जिल्ला समन्वय समितिलाई अधिकार र कर्तब्य कार्यान्वयन गर्न बाध्यकारी ब्यवस्था गर्नुपर्ने ।**	संसद, राजनीतिक दल, सरकार	जिसस, जिसस महासंघ		**जिम्मेवारीमा संस्थागत आधार तय हुन**	**प्यानलिष्टः**
३.७	**जिसस सम्वन्धमा निकायहरुको धारणा/अपेक्षा के छ भन्ने सम्बन्धमा (स्रोत पुस्तिकाको क्र.सं. ४५.३ पेज नं.१०८)**		**जिसस सम्वन्धमा धारणाः**  प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्दम्बेले जिल्ला समन्वय समितिसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था अझै अस्पष्ट रहेको उल्लेख गर्दै यसलाई संशोधनमार्फत स्पष्ट, प्रभावकारी र कार्यान्वयनयोग्य बनाउनुपर्नेमा जोड दिए । जिल्ला समन्वय समितिलाई हटाउने भन्दा अझ बलियो र व्यवस्थित बनाएर सुशासन कायम गर्नका लागि अनुगमन, सुपरिवेक्षण र सरकार–सरकारबीच समन्वयत्मक काम गर्ने जिम्मेवारी स्पष्ट तोक्नुपर्ने बताए ।  नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरे: जिससलाई स्रोत–साधनसहित सक्षम र उत्तरदायी निकायका रूपमा विकास गर्नुपर्ने बताए ।  नेकपा एमालेका नेता प्रदीपकुमार ज्ञवाली: आफ्नो पार्टी जिल्ला समन्वय समितिको पक्षमा रहेको स्पष्ट पार्दै समन्यायिक विकास, स्रोत वितरण र कार्यान्वयनको प्रभावकारी अनुगमनका लागि जिल्ला समन्वय समिति आवश्यक रहेको प्रभावकारी बनाउनु पर्ने धारणा ।			

कार्यक्रम तालिका

SN	Program	Time	Remarks
1	MC/Announcer and Tea/Coffee	11:00	Mr.Gopal Ghimire
2	Seat taking, National Anthem,	11:05	
3	Program Inaugurating by Lightening the lamp	11:10	Chief Guest: Bhishma Raj Andambe, Opposition Leader of House of Representative Special Guest: 6 High-ranking leaders Guest:
4	Welcome Speech	11:10-11:15	Ms.Shanti Pandey, Deputy Chief, DCC Kathmandu
	Outline the Subject Matter		Mr.Santosh Budathoki, Chief DCC Kathmandu
	Enlightening the Key Features of the DCC Operation Source Book		Mr.Bharat Kumar Bhattarai
5	Panel Discussion	11:15-12:15	Moderator: Mr.Gopal Ghimire Panelist: Mr.Kashi Raj Dahal Mr.Krishna Hari Banskota Mr.Hem Raj Lamichhane
6	Opinion: Political Party leaders	12:15-12:50	6 High-ranking political party leaders 1. Mr.Bhishma Raj Andambe, Opposition Leader of House of Representative from Nepali Congress 2. Mr.Guru Raj Ghimire, General Secretary, Nepali Congress 3. Mr.Pradip Kumar Gyawali, Former Minister and Leader of CPN UML
7	Q&A Session	12:50-1:10	
8	Summary message of this meeting (key findings announcement)	1:10-1:15	Mr.Gopal Ghimire
9	Speech		Mr.Rajan Mehta, Chairperson, ADCCN
10	Speech		Mr.Krishna Lal Sapkota, Founder Chairperson of then ADDCN
11	Speech		Mr.Ashok Kumar Ghimire, General Secretary, ADCCN
9	Closing Speech	1:15-1:20	Chair
10	Lunch	1:25	

कार्यक्रम का केही तस्विरहरु











